धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७९/८०
च.नं. :- ७२९

मिति :- २०७९/०५/०९

## शिक्षण सहयोग अनुदान कोटाका लागि माग पेश गर्ने सम्बन्धी सूचना !
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९।०५।०९)**

प्रस्तुत विषयमा यस उप-महानगरपालिकाबाट कार्यान्वयन हुने संघीय ससर्त अनुदान तर्फको विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत माध्यमिक तह कक्षा (९-१०) र आधारभूत तह (कक्षा ६-८) मा अँग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सहयोग अनुदान क्रियाकलापका लागि यस आ.व.२०७९।८० मा प्राप्त थप बजेटबाट शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि २०७७ बमोजिम थप विद्यालय छनौट गरी थप कोटा वितरण गर्नु पर्ने भएकोले मिति २०७९ भाद्र ०९ गते देखि ऐ. असोज १३ गते दिनको १:०० बजेभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा देहायमा उल्लेखित आधार प्रमाणित हुने कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित माग पेश गर्नु, गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

०५/२५

राम लाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**माग पेश गर्ने आधारहरु**

१. माध्यमिक तहको हकमा कक्षा दशसम्मको अनुमति लिई न्युनतम तीन शैक्षिक सत्रसम्म विद्यार्थीलाई माध्यमिक शिक्षा परीक्षामा सहभागी गराएको हुनुपर्ने र आधारभूत तहको हकमा कक्षा आठसम्मको अनुमति लिई न्यूनतम तीन शैक्षिक सत्रसम्म विद्यार्थीलाई आधारभूत तहको परीक्षामा सहभागी गराएको हुनु पर्ने ।
२. सम्बन्धित तहको कक्षामा शिक्षा नियमावलीले तोके अनुसार न्युनतम विद्यार्थी संख्या पुगेको हुनु पर्ने ।
३. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनु पर्ने ।
४. विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनु पर्ने ।
५. विद्यालयले आ.व. २०७७।७८ को लेखापरीक्षण गरेको हुनु पर्ने ।
६. विद्यालयको सम्बन्धित तहमा शुन्य दरबन्दी वा एक दरबन्दी वा दुई दरबन्दी वा राहत अनुदान मात्र भएको हुनु पर्ने र उक्त प्राप्त दरबन्दी वा राहत अनुदानमा अंग्रेजी, गणित तथा विज्ञान विषय शिक्षक व्यवस्था नभएको हुनु पर्ने ।
७. विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनु पर्ने ।
८. दुई वा सो भन्दा बढी विद्यालयले एउटै मितिमा अनुमति लिएका रहेछन भने विद्यार्थी संख्या बढी भएको विद्यालय हुनु पर्ने ।
९. विद्यालयको स्थापना मिति खुलेको हुनु पर्ने ।

**बोधार्थ :**

श्री संचार तथा सुचना प्रविधि शाखा : सूचना कार्यालयको वेभसाइटमा अपलोड गरिदिनु हुन ।

प्रा.स. श्री ज्ञानु गिरी, शिक्षा, युवा तथा खेलकुद महाशाखा : विद्यालयले माग पेश गर्ने अवधि सकिए लगत्तै विवरण तयार गरी पेश गर्नु हुन ।